श्री

# सिन्धुपाल्चोक जिल्ला अदालत

सिन्धुपाल्चोक।

कृपया पत्र व्यवहार गर्दा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नु होला ।

पत्र संख्या :- ०७९/०८०

चलानी नं. :-

Email-info.dcsindhupalchowk@supremecourt.gov.np

☎०११-६२०१०१

सिन्धुपाल्चोक जिल्ला अदालत चौतारा २०७५

प्रकाशित मितिः- २०७९/०९/०७

## सूचना ! सूचना !! सूचना !!!

२०७९।९।८ उपसचिव

**विषयः- मेलमिलापकर्ताको रुपमा स्वीकृत हुने सम्बन्धमा ।**

मेलमिलापसम्बन्धी नियमावली, २०७० को नियम ५ र ९ तथा जिल्ला अदालत प्रेषित मेलमिलाप कार्यसञ्चालन निर्देशिका, २०७५ को नियम ६ र १० बमोजिम यस अदालतमा मेलमिलापकर्ताको रुपमा आफ्नो नाम सूचीकृत गराउन चाहेका केहि निवेदन प्राप्त भएको तथा थप इच्छुक मेलमिलापसम्बन्धी तालिम प्राप्त गरेका व्यक्ति वा मेलमिलाप परिषद्बाट स्वीकृती प्राप्त गरेका मेलमिलापसम्बन्धी कार्य गर्ने संस्था तथा सूचीकृत भएका मेलमिलापकर्ताले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र अद्यावधिकको लागि निम्नानुसारको विवरण सहित निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**संलग्न हुनुपर्ने कागजातहरुः-**

१. नेपाली नागरिकताको प्रतिलिपी ।

२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

३. मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपी ।

४. मेलमिलाप परिषद्मा सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपी ।

५. मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।

६. व्यक्तिको हकमा पासपोर्ट साईजको फोटो -२ प्रति ।

(नोट- निवेदन फाराम http://supremecourt.gov.np/court/sindhupalchowkdc मा राखीएको छ तथा यस अदालतको सूचना कक्षमा सम्पर्क राख्नुहोला ।)